नेपाल गजेट

भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं वैशाख ११ गते २०१३ साल

अर्थमन्त्रालयको सूचना

५११ ०१३।१।४।२

सरकारिया कर्मचारीहरू बेर सरकारी बोर्ड कमिशनमा सरकारतर्फबाट खटाई कामकाज गर्दा पाउने फिस बनि सरकारमै दाखिल गर्नु र गराउनुहोला भन्नेसमेत ०९ साल, आश्विन ७ गते गजेट प्रकाशित भइरहेकोमा सिनेमा सेन्सर बोर्ड तथा बैंकको डाइरेक्टर्सको बोर्डमा खटिएका सरकारी सदस्यहरूका हकमा अवधारणा भई पाउने फिसको आधो खटिएको सरकारिया कर्मचारीले र आधो मुलुकी खानामा र मोफसलमा इलाका माजमा दाखिल गर्ने गरिदिने ०१२।२।१।१ मा र अरू सरकारसम्बन्धी समस्याहरूमा खटिई जाने सरकारी कर्मचारीहरूलाई दिने गरी २६।११।०१२ मा निर्णय भएकोमा सिनेमा सेन्सर बोर्ड तथा बैंकका डाइरेक्टरहरूले ०१२।२।१।१ देखि र अरू बेर सरकारी बोर्ड कमिशनमा खटिएकाले २६।११।०१२ देखि आफूले पाउने फिसको आधा आफूले पा-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भने र आधा सदरकावे सदर मुलुकौखानामा र जिल्लाकाले इलाका मालमा दाखिल गर्ने गर्छ र गराउनुहोला ।

आज्ञाले—
नीरराज,
सेक्रेटरी— अर्थमन्त्रालय.

अर्थ (आय) मन्त्रालयको सूचना

पत्रसंख्या २४ नोट स. ५७२५ ०१२।१।५।३

चैत्र २७, २०१२ को गजेट भाग ४ पृष्ठ ३३ मा प्रकाशित अर्थ । (आय) विभागको ०१२।१२।२४ को सूचनाको सिलसिलामा निम्न—लिखितानुसार गर्ने गराउने मे ३०।१२।०१२ मा निर्णय भएको बेहोरा सर्वसाधारणलाई थाहा होस् भन्नाका निम्ति यो सूचना प्रकाशित गरिएको छ ।

१. बाटखाट आएको माल चिम्पु गरी का. गो. भं. पठाउँदा भंसारको सिल बमाई पठाउने ।

२. सड्ने मर्ने माल र बस्तुभाउ गोबर भंसारले नै छाड्ने ।

३. आइ.ए.सि.को हवाई जहाजसम्बन्धी पार्ट पुर्जा माल सामान आएमा गो. भं. ले नै छाड्ने ।

४. व्यापारिक मालसामान बाहेक गुन्द्रा भिटी भारीको मालसम्म गो. भ. बाटै पास गराउने गर्ने ।

५. भन्सार सुविधा पाएका मानिसहरूको मालसामान गो. भं. बाटै छाडिदिने ।

६. बमत राख्नुपर्ने भंसार माफी भएका जतिमा गो. भं. बाट छुट्न सक्तैन । का. गो. भं. मा पठाइदिने ।

आज्ञाले—
नीरराज, सेक्रेटरी—अर्थमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित, मेनेजर प्रेमराज शर्मा,
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।